# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १६ भदौ २०८२

# सोमवार

# बैठक सङ्ख्या- ४२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १५:२८ बजे प्रारम्भ भयो।

(१५:२८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्य पदम बहादुर परियारबाट समय माग भएको छ। म माननीय सदस्यलाई समय उपलब्ध गराउँछु। समय ३ मिनेट।

(१५:२९ बजे) माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण दलित सांसदहरूको प्रतिनिधित्व गर्दै म एउटा विशेष महत्त्वको जानकारी र सभाको ध्यान आकर्षण गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, बैतडी जिल्लाको डिलासैनी गाउँपालिका वडा नम्बर ३ बस्ने वर्ष १४ को किरण कोहलीको यही श्रावण १७ गते करेन्ट लागेर मृत्यु भयो। त्यसपछाडि परिवारका सदस्यहरूले खासगरी कन उहाँको आमा राज मति कोहलीले जिल्ला प्रहरी कार्यालय बैतडीमा त्यो घटनाको सम्बन्धमा जाहेरी दिन कोसिस गर्नु

भयो। जाहेरी दरखास्त लिन मानिएन। त्यसपछाडि उहाँलाई पाटनको प्रहरी पोस्टमा जाहेरी दरखास्त दिन भनेर प्रहरी कार्यालयबाट भनियो। पाटनमा गएर उहाँहरूले दरखास्त दिन कोसिस गर्नु भयो।त्यहाँ पनि दरखास्त लिन मानिएन। त्यसपछाडि मृतककी आमाले हुलाकबाट जाहेरी दरखास्त पठाउनु भयो। त्यो जाहेरी दरखास्तको सरजमिन गर्नु पर्ने, सनाखत गर्नु पर्ने प्रहरी कार्यालयले अहिलेसम्म पनि त्यो सनाखत गरेको छैन र मृतक पीडित परिवारको तर्फबाट दिएको जाहेरी अहिलेसम्म पनि दर्ता हुन सकेको छैन एकातर्फ भने अर्को तर्फ त्यही गाउँका बासिन्दाहरू, त्यहाँका राजनीतिक दलका व्यक्तिहरू र विभिन्न गाउँलेहरूले उहाँहरूलाई प्रलोभनमा पार्ने, परिवारलाई फकाउने धम्काउने सम्मको काम गरिएको छ। त्यति मात्र होइन उहाँहरूलाई जानकारी नै नदिइकन उहाँको खातामा रु. ५ लाख रुपैयाँ अनधिकृत रूपमा जम्मा गर्ने काम पनि गरिएको छ। अहिले त्यो घटना भएको स्थलको जहाँ जे सबुतहरू थिए। ती सबुतहरूलाई नष्ट गर्ने काम गरिएको छ।

प्रहरीले सहयोग गरेको छैन। यसरी एक जना दलित महिला, एक जना एकल महिला जसले आफ्नो १४ वर्षे छोरा गुमाउनु भयो। मैले न्याय पाउनु पर्छ। हामी सँगको भेटमा म मेरो छोराको लाससँग पैसा साट्न सक्दिन भनेर उहाँले भन्नु भएको छ। तर यो देशको सरकारले , प्रहरी कार्यालयले उहाँको दरखास्तसम्म पनि लिन मानेको छैन। तसर्थ, सम्माननीय अध्यक्ष महोदय, म यस सभा मार्फत सम्माननीय अध्यक्ष महोदय मार्फत यस घटनाको सम्बन्धमा के भएको हो? प्रहरीले किन जाहेरी दरखास्त लिन नमानेको हो? त्यस सम्बन्धमा गृह मन्त्रालयको धारणा के हो? यस सम्बन्धमा के प्रगति भइरहेको छ? त्यसको सभामा जानकारी गराउनको लागि जोडदार माग गर्न चाहन्छु। धन्यवाद।

(१५:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न १/१ मिनेटको समय उपलब्ध गराउँदछु। सर्वप्रथम माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१५:३२ बजे) <u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, आज यो शून्य समयमा धेरैले उठाइ राख्नु भएको छ ठाउँ ठाउँको तर म हिजोमात्रै नारायणघाटबाट काठमाडौं आइरहँदाखेरि त्यो सडक ६ महिना अगाडि हिँड्दा एकदम सर्र हिँड्ने, फिलिली हिड्ने भएको थियो। अहिले ६ महिना पछि म त्यो बाटो हिँड्दाखेरि ८ घण्टामा

म आइ पुगे। त्यो बाटोमा खाल्डो र खुल्डी सडक एकदम दुईवटा मोटरसाइकल बङ्लङ बङ्लङ त्यो रहमा डुबेर लडे। कतापट्टि बाटो हो भन्ने नि उनीहरूले थाहा नपाईकन। अब यो कुन मन्त्रालय अन्तर्गत पर्ने हो? भौतिक हो भन्ने लाग्छ मलाई। यो कुन मन्त्रालय अन्तर्गत पर्ने हो। यो मन्त्रालयले यो तुरुन्तै यो बाटो निर्माण नगर्ने हो भने यसको विपक्षमा धेरै जनता उर्लिने वाला छन् यसको ध्यान जाओस् भन्ने कुरा (.....समय सकिएको)।

(१५:३३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नर बहादुर बिष्ट।

(१५:३३ बजे) **माननीय श्री नर बहादुर बिष्ट (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आज ठुला मिडियामा फेरि पनि यो भिजिट भिसा प्रकरणमा करिब ४० हजार महिलाहरू भिजिट भिसामा कुवेतमा लगेर बेचिएको समाचारहरू आइरहेको छ। र यो अध्यागमन विभागका कर्मचारीहरूलाई १ लाख बुझाउने रहेछन्। एउटै घरमा तिनि बन्धकको रूपमा राखिएको र ती पीडित महिलाले गुहार मागि राखेको, उद्धार गर्न माग गरि राखेकोमा म विशेष गरेर यो सरकारको ध्यान आकर्षण गर्न चाहन्छु की भिजिट भिसाको प्रकरणमा त्यत्रो सङ्ख्यामा महिलाहरू बेचिँदाखेरि पनि के भएको छ भन्ने बारेमा सरकारको र गृह मन्त्रालयलाई यो रोस्टममा आएर यो गरिमामय सदनलाई जानकारीको लागि र त्यसको जानकारी दिनको लागि म माग गर्न चाहन्छु। धन्यवाद।

(१५:३४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१५:३४ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, कैलाली जिल्लाको धनगढी नजिकै रहेको खुटिया नदीमा नुहाउन गएका कक्षा ११ मा अध्ययनरत धनगढी उपमहानगरपालिका वडा नं. ५ तारा नगरका सक्षम जोसी, सोही वडा हसनपुर बस्ने प्रतीक चौधरी , साथै वडा नं. ४ बेहेणी बस्ने जुम्ल्याहा दुई भाइ जय भण्डारी र जाय भण्डारीको नदीमा एकसाथ डुबेर मृत्यु भएको खबरले धनगढी उपमहानगरपालिका बासीहरू स्तब्ध भएका छन्। यो अत्यन्त दुःखद खबर सुन्ने जान्ने सबैलाई यो घटनाले दुःखित तुल्याएको छ। मृतकहरू प्रति हार्दिक

श्रद्धाञ्जली र उनका परिवार प्रति हार्दिक संवेदना प्रकट गर्दछु। देशभरीका नदीमा नुहाउने र पौडि खेल्ने गरेका कम उमेरका मानिसहरू पटक-पटक डुबेको समाचारहरू आइरहने हुँदा यस्ता घटनाहरू नियन्त्रण गर्न विभिन्न किसिमका जनचेतना जगाउने सन्देश प्रचार प्रसार गर्ने, अगुवा कार्यकर्ता, विभिन्न टोल समाज र प्रहरी प्रशासन र गैर सरकारी सामाजिक संघ संस्थाको सक्रियता आवश्यक देखिन्छ सबैको ध्यान जाओस्।

(१५:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१५:३५ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, शिक्षा विधेयक असार १५ भित्र पास हुन्छ भनेको सरकारले भाद्र १५ सम्म पनि राष्ट्रिय सभामा ल्याएको छैन किन? यो सरकार शिक्षकहरूलाई अनादर गर्दै त छैन? फेरी शिक्षकलाई आन्दोलनमा आउन बाध्य पार्दै त छैन? विद्यार्थीको भविष्य माथि खेलबाड नगर्न सरकारलाई सचेत गराउँछु। धन्यवाद।

(१५:३६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१५:३६ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, छाउ अर्थात् महिनावारी भएको बेला गोठमा बस्ने गलत अभ्यास सुदूरपश्चिममा अझै कायम छ। महिनावारी भएको बेला त्रिपाल मुनी सुतिरहेको बेला माथिबाट ढुङ्गा खस्दा पंचदेवल विनायक ८ कि ३५ वर्षे निमा खनाल र आमासँगै सुतेकी मङ्गलसेन नगरपालिका ६ कि ३६ वर्षे रत्न भण्डारी कि ७ वर्षे छोरी कविता भण्डारीको दुःखद निधन भएको छ भने रन्त भण्डारी शक्त घाइते हुनु भएको छ। मृतकहरूमा भावपूर्ण श्रद्धाञ्जली र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। पछिल्लो समय ढुङ्गा माटोले बनाइएका गोठ भत्काउने अभियानमा रहेको सरकारलाई मेरो प्रश्न छ। मानसिक गोठ भत्काउने कार्यक्रम के छ? आँखामा पट्टि बाँधेर "समृद्ध नेपाल सुखी नेपालीको" नारा मात्र लगाइ रहने हो कि। सम्माननीय अध्यक्ष मार्फत सरकारलाई मेरो प्रश्न छ, अन्धविश्वास र परम्पराको नाममा महिलाको बालि कहिले सम्म? धन्यवाद।

(१५:३७ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१५:३७ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, लुम्बिनी प्रदेश पूर्वी रूकुमबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सरिता पुन मगरको २०८२/०५/१४ गते आफ्नो शिशुलाई जन्म दिएर ३२ वर्षको लाउँलाउँ खाउँखाउँ कलिलो उमेरमा दुःखद निधन भएको छ। माननीय सरिताप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। उहाँको अबोध बालिकाको स्वास्थ्य लाभको कामना गर्दछु। उहाँको परिवारजनहरूमा हार्दिक समवेदना प्रकट गर्दछु। धन्यवाद।

(१५:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:३८ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, काठमाडौं, पुतलीसडक, डिल्लीवजार, बागबजारको चोकबाट मैतीदेवी तिर जान पर्दा एकतर्फी भएको हुनाले जान सकिंदैन। अनि त्यस कारणले कमल पोखरी हुँदै, ज्ञानेश्वर हुँदै मैतीदेवी आउनु पर्ने हुन्छ। त्यो चाहिँ धेरै लामो चक्कर लगाउनु पर्ने हुन्छ। त्यसले गर्दा जनतालाई , सवारी साधन भएकाहरूलाई पनि , भाडाको साधन प्रयोग गर्नेहरूलाई पनि सास्ती हुन्छ। जति वेला एकतर्फी गरिएको थियो त्यति बेला सानो-सानो नै थियो मर्मत हुँदै थियो त्यो सडकको र यति बेला सडक फराकिलो भइ सकेको छ। दुईतर्फी गर्दाखेरि पनि त्यो सञ्चालन हुन सक्छ। त्यसैले जनतालाई , यात्रुहरूलाई सजिलो बनाउनको लागि त्यो चोकबाट मैतीदेवी जाने बाटो दुईतर्फी बनाए पनि हुन्छ भन्ने मलाई लाग्छ। त्यसैले त्यसको लागि सम्माननीय अध्यक्षज्यू मार्फत सम्बन्धित निकायलाई ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१५:३९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू राष्ट्रपतिको कार्यालयबाट मन्त्री परिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली सम्वत् २०८२ साल भदौ १४ गते शनिवार चीनको तेन्जिङ्ग सहरमा आयोजना हुने सँधाइ सहयोग सङ्गठन Shanghai Cooperation Organization (SCO) को २५औं शिखर सम्मेलन तथा चीनको बेजिङ सहरमा आयोजना हुने 80th commemoration of the victory of the Chinese people war of resistant against Japanese aggression and the World anti FascistsWar विषय कार्यक्रममा सहभागी हुन त्यस तर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नु भएको बेहोरा सादर अनुरोध गर्दछु।

डा. दिपक काफ्ले
सचिव
२०८२ भदौ १३ गते

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्। अब उक्त पत्रको बेहोरा क्रमशः जानकारी गराउन चाहन्छु।

क) माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त चीनको तेन्जिन सहरमा आयोजना हुने सँधाइ सहयोग सङ्गठन (Shanghai Cooperation Organization -SCO) को २५औं शिखर सम्मेलन तथा चीनको वेङजिङ सहरमा आयोजना हुने 80th commemoration of the victory of the Chinese people war of resistant against Japanese aggression and the World anti FascistsWar विषय कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको नेतृत्वको प्रतिनिधिमण्डलमा सहभागी भई सम्वत् २०८२ भदौ १४ गते शनिवार त्यस तर्फ प्रस्थान गर्नुहुने हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सम्हाल्ने गरी तोक्नु भएको बेहोरा अनुरोध छ।

ख) माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डे चीनको तेन्जिन सहरमा आयोजना हुने संघाइ सहयोग सङ्गठन (Shanghai Cooperation Organization -SCO) को २५औं शिखर सम्मेलन तथा चीनको वेङजिङ्ग सहरमा आयोजना हुने 80thcommemoration of the victory of the Chinese people war of resistant against Japanese aggression and the World anti FascistsWarविषय कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको नेतृत्वको प्रतिनिधिमण्डलमा सहभागी भई सम्वत् २०८२ भदौ १४ गते शनिवार त्यस तर्फ प्रस्थान गर्नुहुने हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले सम्हाल्दै गरी तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

एक नारायण अर्याल
मुख्य सचिव
२०८२ भदौ १३ गते

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य डा. अन्जन शाक्यलाई मनोनयन गरेको छु। माननीय सदस्यहरू, संघीय संसदको संयुक्त समितिका लागि माननीय सदस्यको मनोनयनलाई सभाको सहमति जनाइ दिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त समितिका लागि माननीय सदस्यको मनोनयनलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू, आजको बैठकको कार्यसूचीको क्रम सङ्ख्या ४ मा रहेको संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्ने विषय कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु।

मानननीय सदस्यहरू, अब राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबल गर्न समय उपलब्ध गराउँछु।

(१५:४५ बजे) डा. सुरेन्द्र अर्याल पार्टी (राष्ट्रिय सभा सचिव):- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देश सभा समक्ष जानकारी गराउँदछु।

श्री सचिव

राष्ट्रिय सभा,

विषय - सन्देश सहित विधेयक पठाइएको।

प्रतिनिधि सभामा उत्पति भएको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ लाई कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको संलग्न प्रतिवेदन सहित वि.सं. २०८२ साल भाद्र १३ गते शुक्रबार बसेको प्रतिनिधि सभाको बैठकले पारित गरेको हुँदा प्रतिनिधि सभा नियमावली २०७९ को नियम १२७ को उपनियम १ बमोजिम सन्देश सहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८२/०५/१३

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देश उक्त सन्देश यस सम्माननीय सभा समक्ष टेबल गर्दछु। धन्यवाद।

(१५:४६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउछु।

(१५:४६ बजे) **<u>माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:४७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेले प्रस्तुत गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सोसँग सम्बन्धित विधेयकका दफाहरूका सैद्धान्तिक पक्षहरूमा मात्र छलफल गर्न सकिने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेट भित्र अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१५:४८ बजे) **<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१, यो प्रतिनिधि सभाको अर्थ समितिमा व्यापक छलफल पछि यो सन्देश सहित राष्ट्रिय सभामा टेबल भएको छ। विशेष गरि आन्तरिक स्रोत, स्वदेशी तथा विदेशी लगानी लगायतका उपकरणहरूको यथोचित परिचालन गर्ने र विकासको नविन स्रोतको परिचालन गर्ने, रोजगारी प्रवर्धन, दिगो आर्थिक विकास, दीर्घकालीन लगानी सुनिश्चित गर्ने, निजी क्षेत्रलाई सार्वजनिक पूर्वाधार विकासमा आकर्षित गर्ने, वर्तमान वित्तको स्रोतको कमी पूर्ति गर्ने र राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा लगानीलाई प्रवर्धन गर्ने यो उद्देश्य सहित आएको छ। यो प्रतिनिधि सभामा पनि व्यापक छलफल र सन्देश सहित आएको भए पनि राष्ट्रिय

सभामा पनि हामीले यसलाई अलिकति व्यापक गर्नु पर्ने, यसको चौतर्फी अध्ययन गर्नु पर्ने पनि भएकोले कारणले गर्दाखेरि यो विधेयकलाई विधायन समितिमा लगेर व्यापक छलफल सहित यसलाई अगाडि बढाउँदाखेरि उपयुक्त हुन्छ भन्ने मेरो सुझाव रहेको छ। फेरि आवश्यकताको दृष्टिले हेर्दाखेरि अहिले राज्यको स्रोत साधनले मात्रै देशको समग्र विकास गर्ने अथवा देशमा भएका ठुला पूर्वाधारहरूमा लगानी प्रवर्धन गर्ने र विकास र त्यसको प्रतिफल दिने हिसाबले राष्ट्रको पुँजीको स्थिति असाध्यै सङ्कुचित अथवा कमजोर , स्रोत अलि कमजोर पनि भएको कारणले गर्दाखेरि निजीक्षेत्रसँग राज्यले साझेदारी गरेर पूर्वाधार विकास, रोजगारी प्रवर्धन लगायत राष्ट्रको दिगो विकासको लागि यसले लक्ष्य राखेर अगाडि बढ्न खोजेको भन्ने सन्देश दिन खोजेको कारणले गर्दा म विधेयकलाई एक हिसाबले स्वागत पनि गर्न चाहन्छु। तर फेरि यसलाई व्यापक छलफलको आवश्यकता पर्ने हुनाले विधायन समितिमा लगियोस् र छलफल गरेर अगाडि बढाइयोस् भन्ने पनि विषय राख्न चाहन्छु। हस्त नमस्ते।

(१५:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१५:५० बजे) <u>माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज म वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ को सैद्धान्तिक पक्षबारे विचार प्रस्तुत गर्न चाहन्छु। यो विधेयक प्रतिनिधि सभामा पेस भइ त्यहाँबाट २४ संशोधन सहित पारित भएको प्रतिवेदन यस सभामा पेस भएको छ। प्रस्तुत विधेयक र प्रतिनिधि सभाबाट संशोधनमा भएका दफाहरू अध्ययन गर्दा यो निकै परिमार्जित भएको पाइन्छ। अध्यक्ष महोदय, अझै पनि वित्तीय पहुँच सीमित छ। परम्परागत बजेट र सीमित वित्तीय स्रोतको सीमाबाट बाहिर गएर निजी र सार्वजनिक क्षेत्रको सहकार्यमा ठुला लगानीमा परियोजनाहरू अघि बढाउने यस विधेयकको उद्देश्य रहेको देखिन्छ। १ अर्ब कममा परियोजनामा लगानी नगर्ने प्रावधानले आर्थिक र सामाजिक प्रभाव धेरै हुने कुरा ठुला परियोजनाहरूले प्राथमिकता दिएको पनि देखिन्छ। सरकारले आ.व. २०८२/०८३ को बजेटमा नै दिगो विकास र ठुला पूर्वाधार निर्माणमा नया ढाँचा प्रस्तुत गर्ने नीति लिएको थियो र यसै अनुसार विधेयकले त्यस नीतिलाई अगाडि बढाउन सहायक बन्नेछ भन्ने पनि मलाई लाग्दछ। मुलुकको समृद्धिको लागि आन्तरिक राजस्व, वैदेशिक अनुदान तथा ऋण मात्र पर्याप्त थिएन। यसैलाई मध्यनजर गरि विधेयकले सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्था, बिमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगनी कोष लगायतले

लगानी गरेर कोष खडा गर्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले निजी क्षेत्रको ठुलो लगानी र दक्षता परिचालन गर्ने छ तथा नविन र बहुआयामिक वित्तीय स्रोतको परिचालनका लागि कानुनी आधार पनि बनाउनेछ।

अध्यक्ष महोदय, अहिले वैकल्पिक वित्त व्यापी विश्व अभ्यास बनिसकेको छ। चीन, भारत, अमेरिका, युरोपेली संघहरूले पुँजी जुटाउने कानुनी आधारहरू बनाएर यसै वित्तीय उपकरण प्रयोग गरि द्रुत मार्ग, उच्च गति रेल, ऊर्जा, औद्योगिक पार्क, सूचना प्रविधि रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणमा लगानी गरेर देश विकासको गतिलाई अगाडि बढाउन सफल भएका उदाहरणहरू छन्। नेपालले पनि यसै अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राख्दै यस्तै कानुनी संरचना विकास गर्नु औचित्यपूर्ण रहेको छ। समग्रमा यो वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ ले नेपालमा ठुला पूर्वाधार निर्माण र दिगो विकासका लागि एक नया वित्तीय मोडेल भएकोले मुलुकको आर्थिक समुन्नति र दिगो विकासको यात्रालाई सहज बनाउने छ। यस विधेयक पारित भइसकेपछि निजी क्षेत्र र सरोकारवालाहरूलाई पनि उत्साहित गर्ने छ भन्ने आशा गर्न सकिन्छ। यी सकारात्मक र उपलब्धिहरूको चर्चा गरिरहँदा विधेयक तयार गर्दै गर्दा यसको कार्यान्वयनको चुनौतीलाई पनि त्यत्तिकै ध्यान दिनु पर्ने मलाई लाग्छ।

अन्त्यमा, यो विधेयकको सफल कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने तर्फ ध्यान दिन सकेमा यसले मुलुकको आर्थिक संरचना, रोजगारी र सामाजिक विकासमा महत्त्वपूर्ण निर्वाह गर्ने कुरामा कुनै शङ्का छैन। त्यसैले यो विधेयकको सैद्धान्तिक पक्षलाई समर्थन गर्दै यसलाई अझ विस्तृत छलफल गरी कुनै कमी छन् भने त्यसलाई परिपूर्ति गर्न विधायन समितिमा पठाउन उपयुक्त ठान्दछु। धन्यवाद।

(१५:५३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:५४ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ प्रतिनिधि सभाको अर्थ समितिबाट व्यापक छलफल भएर प्रतिवेदन सहित राष्ट्रिय सभामा पेस भएको छ। यस विधेयकमा १२ वटा परिच्छेद रहेको छ र ५८ वटा दफाहरू रहेको र ५८ वटा वाक्यको व्याख्यात्मक टिप्पणी रहेको छ। प्रत्यायोजित विधायन सम्बन्धी १३ वटा टिप्पणी

रहेका छन्। यो विधेयक ९१ पेज लामो रहेको देखिन्छ। वैकल्पिक विकास वित्त परिचालन कोष स्वायत्त हुने र त्यसको अधिकृत पुँजी १ खर्व रुपैयाँ हुने र चुक्ता पुँजी २५ अर्ब रुपैयाँ रहने छ। यसको कोषमा नेपाल सरकारको सेयर ५१ प्रतिशत रहने व्यवस्था गरिएको देखिन्छ। १६औं पञ्चवर्षीय योजना अनुसार आउने १० वर्षमा ४० हजार मेगा वाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। विमान स्थल, पर्यटन विकास, सडक, सिँचाइ विकास र स्तरोन्नति, औद्योगिक विकासमा लगानी बढाउन विधेयकको आवश्यक देखिन्छ। साथै यस विधेयक अन्तर्गत आएको प्रतिवेदन एकदमै लामो छ र व्यापक छलफल भएर धेरै दफाहरूमा संशोधन भएको देखिन्छ। यस विधेयक अन्तर्गत नियुक्ति हुने कर्मचारीको अयोग्यता सम्बन्धी पनि केही प्रावधानहरू थप्नु पर्ने देखिन्छ। प्रमुख कार्यकारी पदमा रहेको कर्मचारी अवकाश भइ सकेपछि फेरिपनि घुमाउरो ढङ्गबाट त्यही समितिमा ल्याउने यसमा केही प्रपञ्च देखिन्छ। त्यसो भएको हुनाले यसमा थप छलफलको आवश्यकता देखिन्छ। थप छलफल गर्नको निम्ति विधायन व्यवस्थापन समितिमा पठाइयोस् र यो विधेयकको समर्थन गर्दै मेरा भनाई अन्त्य गर्दछु। धन्यवाद।

(१५:५६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१५:५६ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रतिनिधि सभामा व्यापक छलफल भएर आएको छ। वास्तवमा हाम्रो लागि यो नया विधेयक हो। यसले यो देशको प्रगति गर्नमा ठुलो मदत गर्नेछ भन्ने मलाई विश्वास छ। यो विधेयक हाम्रो जस्तो देशको लागि अति उपयोगी विधेयक छ। यसको कार्यान्वयनले देशमा ठुला आयोजनाहरूको सञ्चालन सहज हुने देखिन्छ। यसको कोषको संरचनामा अधिकृत पुँजी १ सय अर्ब र चुक्ता पुँजी २५ अर्बमा सरकारको भागीदार ५१ प्रतिशत रहेको छ। कोषमा Board of Director को गठनको व्यवस्था गरिएको छ। यसलाई विकास विवाद रहित बनाउनको लागि यो विधेयकलाई जोड दिनु पर्ने हुन्छ। यस विधेयकलाई सरसर्ती हेर्दा यसमा उपयुक्त कानुनी आधार, वित्तीय उपकरण र संस्थागत संरचना र स्रोतको विविधता मार्फत यसले वैकल्पिक वित्त परिचालन गरेर ठुला पूर्वाधार विकासको लागि निकै अग्र भागि र लाभदायक कदम भएको देखिन्छ। वास्तवमा यो विधेयकको प्रयोगले नेपालका परम्परागत पुँजीको भन्दा बाहेकको लगानी प्रवाह जुटाउन

नया ढोका खोल्ने र विकासको गतिलाई अघि बढाउने विश्वास गर्न सकिन्छ। यसका प्राथमिकताका क्षेत्रहरू विद्युत उत्पादन, प्रसारण वितरण, सडक, रेल , विमानस्थल, सुरुङ मार्ग, सूख्खा बन्दरगाह, केवल कार, सूचना प्रविधि पार्क आदि हुन सक्छन्।

परियोजनाको विशिष्ट कोष स्थापना गर्ने व्यवस्था र अन्तर्राष्ट्रिय वित्तीय संस्थान वा अन्य निकायबाट पूर्ण अथवा आंशिक ग्यारेन्टी प्राप्त गर्न सकिने व्यवस्थाले ढाडस उत्पन्न गराएको छ। यसका वैकल्पिक स्रोतहरू पनि Enqu, High बिल उपकरण डिमान्चरसुन आदि लगायतका हुन। रु. १० अर्ब भन्दा कम लागत भएका कुनै योजनामा परिणाममा लगानी कोषबाट नहुने नीति छ। कृषि, वन, खानी, खनिज क्षेत्रमा लगानी स्वागत योग्य छ। यो विधेयकले समग्रमा भन्नु पर्दा पुँजी निर्माणमा ठुलो योगदान गरी ठुला परियोजना सञ्चालनमा सहजता ल्याउने छ भने दीर्घकालीन निगरानी र पारदर्शितामा प्रश्न उठाउने ठाउँ आउँछ कि भन्ने लाग्दछ। यो विधेयकले ठुला योजना मात्र हेर्ने हुँदा मझौला र साना योजनाहरूलाई पनि कुनै किसिमले समावेश गर्ने उपाय भइदिएमा सुनमा सुगन्ध हुने थियो भन्ने भनाई विदेशी नागरिक सि.इ.ओ हुने र गैर आवासीय नेपाली वञ्चित हुने कुराको आलोचना विधेयकले खेप्नु पर्ने देखिन्छ। धन्यवाद। जय नेपाल।

(१५:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१५:५९ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ आज राष्ट्रिय सभामा टेबल भएको छ। यो अत्यन्तै समय सान्दर्भिक छ। आज विश्वव्यापी रूपमा भइरहेको पूर्वाधार विकासका सम्बन्धमा तीव्र प्रतिस्पर्धा, जलवायु परिवर्तन, सूचना प्रविधिको पहुँच एवम् नागरिकको अपेक्षा अनुसार पूर्वाधारमा लगानीको आवश्यकता वृद्धि भइरहेको यस अवस्थामा औद्योगिक क्षेत्र विशेष आर्थिक स्तरोन्नतिका क्षेत्र स्मार्ट सिटि, नगर विकास पर्यटन, पर्यटन विकासका दीर्घकालीन योजना, सडक, सिँचाइ, खानेपानी, विद्युत, विमानस्थल निर्माण, कृषि उपज उत्पादन भण्डारण, रासायनिक मल उत्पादन, पशुपालन, जडीबुटी उत्पादन र प्रशोधन लगायतका क्षेत्रमा ठुलो लगानी लगाउन आवश्यक छ र यो विधेयकमा जनाइएको पनि छ। यो पूर्वाधार विकास क्षेत्रको पहिचान यो विधेयकले पूर्वाधारका विकासका क्षेत्रको पहिचान गरेर हाम्रा प्रशस्त मात्रामा भएका वैकल्पिक स्रोतहरूको पनि

पहिचान गर्नेछ। यसले वैदेशिक रोजगारमा गएका हाम्रा धेरै युवाहरूलाई फर्काउन सक्नेछ र देशको आर्थिक स्तरोन्नतिलाई पनि वृद्धि गर्नेछ। यो परियोजनालाई प्राथमिकताका आधारमा छनौट गरी योजना पूर्वाधार विकासमा लगानीका लागि विभिन्न वित्तीय उपकरणहरूको प्रयोग, संस्थागत संरचना अनुगमन मूल्याङ्कन समय अवधि लागत सम्बन्धी सम्पूर्ण विषयलाई वैकल्पिक विकास वित्तका स्रोतहरूको प्रयोग गर्न सकेमा रोजगार प्रवर्धन, दिगो आर्थिक विकासको बलियो माध्यम र आधार बन्न सक्ने भएकोले यसलाई आवश्यक कानुन दिनको लागि कत्ति पनि ढिलाइ नगरी वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा लगेर अझ धेरै छलफल गरेर यसलाई अझ राम्रो तरिकाबाट अगाडि बढाउन सकिन्छ। यसलाई हामीले अहिलेसम्म हाम्रा उद्योगहरू, ठुला-ठुला उद्योगधन्दाहरू विस्थापित पनि भएका छन्। तिनलाई विस्थापित नहुने तरिकाबाट कसरी दिगो बनाउन सकिन्छ भन्ने तर्फ पनि यस सम्बन्धमा छलफल गर्न जरुरी छ। त्यस कारण यसलाई विधायन व्यवस्थापन समितिमा लगेर दफावार छलफलका लागि पठाइयोस भन्ने अनुरोध गर्न पनि चाहन्छु। धन्यवाद जय नेपाल।

(१६:०२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जबाफ दिन समय उपलब्ध गराउँदछु।

(१६:०३ बजे) <u>**माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल**</u>:- सम्माननीय अध्यक्ष महोदय, वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत विधेयकका उपर सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीयज्यूहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। वास्तवमा छलफलमा उठेका प्रश्नहरूको जबाफ दिन उपस्थित छु। तर मैले जबाफ दिनु पर्ने गरि त्यस्तो कुनै विशेष विषय यहाँ उठेको छैन। माननीयज्यूहरूले यो विधेयकको आवश्यकता र औचित्यका सम्बन्धमा आफ्नो कोणबाट दृष्टिकोण व्यक्त गर्नु भएको छ। मूलभूत रूपमा यस प्रति समर्थन जनाउनु भएको छ। यो समर्थनका प्रति पनि म हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। माननीयज्यूहरूले यो

विधेयकमा यो विधेयकका उपर समितिमा छलफल गरौं भन्ने आशय व्यक्त गर्नु भएको छ, इच्छा व्यक्त गर्नु भएको छ। माननीयज्यूहरूको इच्छा प्रतिपनि मेरो हार्दिक सम्मान छ। तर अध्यक्ष महोदय, मेरो एउटा अनुरोध पनि यो सँगसँगै छ। हामी यतिबेला पूर्वाधार विकासमा यो वित्त व्यवस्थापनको चापमा छौं। हामीसँग ट्रेजरी माथि भर परेर आजका आवश्यकताहरू पूर्वाधार निर्माणका क्षेत्रमा आजका आवश्यकताहरू सम्बोधन गर्न कठिन हुने अवस्था छ। म सम्झिन्छु अध्यक्ष महोदय, बजेट निर्माण गर्दै गर्दा जनताका प्रतिनिधिले जनताबाट निर्वाचित भएका प्रतिनिधिले आफ्नो निर्वाचन क्षेत्रका र समग्र देशका विकासका आवश्यकताहरूलाई बडो जोडदार ढङ्गले उठाउने गर्नुहुन्छ। सडकका, खानेपानीका , सिँचाइका, विद्युत विकासका अरू धेरै शिक्षाका, स्वास्थ्यका अरू धेरै पूर्वाधार क्षेत्र, औद्योगीकरणका पूर्वाधारका धेरै क्षेत्रहरूमा बजेटको माग गर्नुहुन्छ। अर्थ मन्त्रीको हैसियतमा बजेट विनियोजन गर्न बसि रहँदा ती जायज मागहरूलाई राम्रोसँग सम्बोधन गर्न पाए देखि हुने थियो भन्ने लाग्दछ। तर त्यसमा त्यस हिसाबले जानको निम्ति स्रोतको सीमाले अनुमति दिँदैन र कैयौं आवश्यक र अपरिहार्य ठानिएका योजनाहरूलाई पनि हामीले स्रोतको सीमाको कारणले गर्दा सम्बोधन गर्न सकिरहेका हुँदैनौ। र कैयौं आयोजनाहरूमा त्यो आयोजनाले गर्ने डिमान्ड भन्दा न्यून विनियोजन गरेर आयोजनालाई जीवित राखु पर्ने अवस्था पनि हाम्रो सामुन्नेमा छ।

यो सबै अवस्थालाई ख्याल गरीकन हामीले लामो समय यो विधेयक आज जसरी यो प्रतिनिधि सभा भएर यहाँ राष्ट्रिय सभामा आएको छ। यो विधेयकको तयारीको सिलसिलामा अर्थ मन्त्रालयले निकै लामो गृहकार्य गरेको छ अध्यक्ष महोदय।हामीले देशभित्रका अर्थ विदहरू , विकासविदहरू र हाम्रो विकास र अभियानमा साथमा रहेका विकास साझेदारहरूसँग पनि अत्यन्तै सघन ढङ्गले छलफल गरेका छौं। उहाँहरूबाट गहकिला सुझावहरू प्राप्त गरेका छौं। त्यति मात्र होइन यो विकासका सन्दर्भमा जुन वैकल्पिक वित्तको अभ्यास छ।दुनियाँका मुलुकहरूमा, छिमेकी मुलुकहरूमा र दुनियाँका अन्य मुलुकहरूमा के-कस्तो अभ्यास भई रहेको छ। ती अभ्यासका कस्ता नतिजा प्रकाशित भएका छन् भन्ने हिसाबले पनि हामीले अध्ययन गरेका छौं। त्यो निकै गहन अध्ययन र वृहत् छलफल पछि मात्रै हामी यो विधेयकको मस्यौदा गर्ने चरणमा प्रवेश गरेका हौ। र मस्यौदा गरि सकेपछि पनि यसमा छलफलका अनेकन् चक्रहरू पार गर्दै आज हामी यो ठाउँमा आइ पुगेका हौ। म समितिमा छलफल होस भन्ने माननीयज्यूहरूको भावना प्रति सम्मान पनि व्यक्त गर्न चाहन्छु।तर अध्यक्ष महोदय मेरो एउटा अनुरोध के छ भने हामी वास्तवमा जुन प्रकारको पूर्वाधार विकासमा जुन प्रकारको चापमा छौ। त्यो चापलाई महसुस गर्ने हो भने देखि यो विधेयक सकेसम्म छिटो यस सम्मानित राष्ट्रिय सभाबाट

पारित होस भन्ने मेरो अपेक्षा छ। र मैले यो विधेयक सदनमा प्रवेश भए सँगै सम्बन्धित पूर्वाधार मन्त्रालयहरू खासगरी भौतिक, योजना, सहरी विकास, पर्यटन, सिँचाइ, खानेपानी लगायतका जति पनि पूर्वाधारका मन्त्रालयहरू छन्। ती मन्त्रालयहरूका प्रशासनिक, राजनीतिक नेतृत्वसँग बसेर छलफल गरेको छु।

सम्भवतः सरकारले यस प्रकारको विधेयक सदनमा प्रस्तुत गरेको छ। सम्भवतः यो चालु अधिवेशनबाटै यो पारित हुनेछ र हामी यो विधेयक पारितभए सँगै विधेयकको सार्थक कार्यान्वयनमा गहकिलो कदम चाल्न सकौं। त्यसका निम्ति आयोजनाको रेडिमेक्स, प्रोजेक्टहरूको रेडिमेक्स महत्त्वपूर्ण कुरा हो। त्यस कारणले आयोजनाको तयारीमा आयोजना पहिचान गर्ने, त्यसको अध्ययन गर्ने, त्यसको D.P.R. निर्माण गर्ने र आयोजनाको एउटा रोष्टर तयार गर्ने। त्यस हिसाबले लाग्नको निम्ति सम्बन्धित मन्त्रालयका पदाधिकारिहरूसँग पनि Consultation आरम्भ गरेको बेहोरा म अनुरोध गर्न चाहन्छु। र म के भन्न चाहन्छु भने, यो विधेयक यस सम्मानित सभाबाट जति छिटो पारित हुन्छ हामी त्यति नै छिटो हामी यसलाई कार्यान्वयनमा लिएर जानेछौ।र पूर्वाधारको क्षेत्रमा हाम्रो नया ढोका खुल्ने छ भन्ने मलाई लाग्दछ। अहिले हामी खास गरीकन ट्रेजरी भन्दा बाहिरबाट स्वदेश र विदेशको पुँजी परिचालन गर्ने र पूर्वाधार क्षेत्रमा लगानी गर्ने , लगानीबाट प्राप्त प्रतिफलको आधारमा लगानीकर्तले पे व्याक प्राप्त गर्ने त्यस खालको एउटा स्थिति सिर्जना गर्न सकिन्छ भन्ने विश्लेषणको साथमा , अध्ययनको साथमा यो विधेयक प्रस्तुत भएको छ। त्यस कारणले सम्माननीय अध्यक्ष महोदय, यदि सम्भव हुन्छ भने म अनुरोध गर्न चाहन्छु।

माननीयज्यूहरूले समय लिएर ५ मिनेट, १० मिनेट, २० मिनेट, आधा घण्टा , १ घण्टका दरले पनि बोल्नु भए पनि केही फरक पर्दैन। यथेष्ट मात्रामा सदनमा समय जति आ-आफ्ना लजिकहरू छन् ती लजिक राख्नको लागि जति समय चाहिन्छ बरु अध्यक्ष महोदयले समय उपलब्ध गराइ दिनुहोस् मेरो अनुरोध छ। यथेष्ट छलफल गरेर सदनबाटै यदि सम्भव हुन्छ भने यही सभालाई मेरो यो प्रस्ताव मन्जुर हुन्छ भने देखि सभाबाटै सभामै यथेष्ट सहयोग गरेर यो विधेयक छिटो पारित गर्नको निम्ति छलफल गरि दिनुहुनको लागि म अनुरोध गर्न चाहन्छु। होइन, हामी समितिमा जान्छौ भनेर सभाले भन्दछ भने माननीयज्यूहरूले भन्नुहुन्छ भने देखिन हुन्छ भने म यहाँहरूको यो Right लाई फेरि पनि सम्मान गर्न चाहन्छु र कदाचित् समितिमा जाने निष्कर्षमा पुग्यो भने देखि समितिबाट छिटो यो विधेयक फिर्ता गर्नको लागि पनि माननीयज्यूहरूसँग म अनुरोध गर्न चाहन्छु। केही दिन अगाडिमात्रै प्रतिनिधिसभामा हामीले छलफल गरेका थियौ।सबै जसो राजनीतिक दलका नेताहरूसँग मैले यो

विधेयकको अर्जेन्सी, Important र यसले बोकेका कन्टेन्टहरूको बारेमा छलफल गरेको थिए। छलफल गर्ने क्रममा मैले त्यहाँ पनि अनुरोध गरेको थिए। छिटो गर्दिनुहोस। हाउसबाटै गरि दिनुहोस् भनेर मैले अनुरोध गरेको थिए। साथीहरूले होइन, समितिमा जाऔं। समितिमा त जाऔं तर छोटो अवधिमा एकदमै Massively छलफल गरौं र छोटो अवधिमा समितिबाट टुङ्गोमा पुगौं भनेर उहाँहरूले विचार व्यक्त गर्नु भयो। समितिमा गयौ हामी र केही ४/५ दिनको अन्तरालमा १ हप्ता पनि हामी समय व्यतित गरेनौ। प्रतिनिधि सभामा निकै धेरै संशोधनहरू पनि थिए। प्रत्येक संशोधनमा छलफल गरीकन वास्तवमा समितिले पनि unanimously र प्रतिनिधिसभाले पनि unanimously यो विधेयक पारित गरेको छ। त्यसले गर्दा यदि माननीयज्यूहरूले समितिमा जान आवश्यक ठान्नु हुन्छ भने मेरो अनुरोध छ अध्यक्ष महोदय कि यो समितिमा सकेसम्म छिटो र छोटो अवधिमा यस विधेयक उपर छलफल होस भनेर म अनुरोध गर्न चाहन्छु। जहाँसम्म यहाँ ती विषयहरू यहाँहरूले उठाउनु भएको छ। खास गरि नारायण दत्त मिश्र माननीयज्यूले एउटा प्रसङ्ग उठाउनु भएको छ।

विदेशी नागरिक CEO हुन सक्ने तर गैरआवासीय नेपाली नागरिकहरू वञ्चित हुने अवस्था आउँछ कि भन्ने कोणबाट चिन्ता व्यक्त गर्नु भएको छ।यो चिन्ता व्यक्त गर्नु पर्ने विषय होइन। हामीले खास गरीकन अहिलेको दुनियाँको अभ्यासबाट पनि, हाम्रा आफ्नै अनुभवबाट पनि यो वैकल्पिक विकास वित्तका माध्यमबाट आयोजना छनौट र कार्यान्वयनका निम्ति, स्रोत व्यवस्थापनका निम्ति अगाडि बढ्दा अत्यन्तै Skilled Leadership को खाँचो पर्दछ। त्यस प्रकारको नेतृत्वको खाँचो पर्दछ। कदाचित् हामीलाई त्यसको निम्ति आवश्यक पर्‍यो भने देखि हामीले एउटा कार्यकालको लागि अन्तर्राष्ट्रिय बजारबाट पनि CEO को व्यवस्था गर्न सक्छौ भन्ने त्यो प्रबन्ध यसमा व्यवस्था गरिएको छ। Knowledge Transfer हुँदै जाँदा र हामी भित्रै पनि त्यस खालको क्षमता विकास हुँदै जाँदा हामीले त्यस हिसाबले Lead गर्न सकिनै हाल्छौ। एक पटकका लागि आवश्यक पर्‍यो भने त्यहाँ सम्म जान सकिन्छ भन्ने। यो खास गरीकन यसको Importance र Urgency लाई, यसको गुरुत्वलाई यो प्रस्तावले त्यसको भावले व्यक्त गर्छ भन्ने मलाई लाग्छ। गैरआवासीय नेपालीहरू वञ्चित हुने भन्ने प्रसङ्गै छैन। त्यो सन्दर्भ नै छैन। उहाँहरू वञ्चित हुने अवस्था पनि आउँदैन भन्ने पनि म राख्न चाहन्छु। यति कुरा भनेर अध्यक्ष महोदय, यो विधेयक साँच्ची नै मैले के महसुस गरे भने देखि प्रतिनिधि सभा भित्र पनि छलफल भयो र समितिमा पनि छलफल भयो तर हामी Unanimously हामी निष्कर्षमा पुगियो। समितिमा पनि र सभामा पनि। यसको अर्थ के हो भने कतिपय यस्ता विधेयक हुँदा रहेछन्।

जो विधेयक सबैका निम्ति सबैको निम्ति साझा ढङ्गले उत्तिकै आवश्यक हुँदो रहेछ भन्ने त्यो अनुभूति पनि यस मार्फत मैले प्राप्त गरेको छु। त्यस अर्थ अध्यक्ष महोदय म दोहो-याएर अनुरोध गर्न चाहन्छु। यदि सभालाई मान्य हुन्छ भने सभामै छलफल गरेर यसलाई निर्णयार्थ अगाडि बढाइ दिनको लागी, होइन समितिमा जानु पर्छ भन्दाखेरिमा पनि छोटो अवधिमा सघन छलफल गरेर निष्कर्षमा पुग्नका म हार्दिकता पूर्वक अनुरोध गर्न चाहन्छु। मैले यही चालु अधिवेशनबाट चालु अधिवेशन नसकिँदै यो विधेयक पारित भएर यो विधेयकको कार्यान्वयनको निम्ति विधेयकले जुन एउटा Way forward गरेको त्यस हिसाबले अगाडि बढ्नका निम्ति हामीहरू .. का साथ तयारीमा छौं भन्ने पनि म निवेदन गर्न चाहन्छु। यति भनेर मैले सैद्धान्तिक प्रश्नमा माननीयज्यूहरूले राख्नु भएको छलफलका सम्बन्धमा आफ्नो प्रस्तुतिलाई यहीँ टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१६:१५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू, वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक मिति २०८२ साल भदौ १७ गते मङ्गलवार अपराह्न १३:१५ मा बस्ने गरि यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर राष्ट्रिय सभाको मिति २०८२ साल भदौ १७ गते मङ्गलवार अपराह्न १३:१५ मा बस्ने गरि यो बैठक स्थगित भयो।)

**स्थगित : १६:१६ बजे**